## बाँसगढी नगरपालिकाको स्थानीय राजपत्र

खण्ड:९ अंक १ प्रमाणीकरण :- २०८२।१०।२६

प्रकाशन मिति :- २०८२।१०।२९

भाग - २

बाँसगढी नगरपालिका


# स्वास्थ्य संस्थाहरूको भवन, सरसामान तथा उपकरण मर्मत—संभार अनुदान कार्यविधी, २०८२

# प्रस्तावनाः

बाँसगढी नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय तथा निरन्तर बनाउन आवश्यक भौतिक पूर्वाधार, सरसामान तथा उपकरणहरूको मर्मत—संभारका लागि आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधी निर्माण गरिएको छ।

---

## परिच्छेद—१

### १. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधीको नाम "स्वास्थ्य संस्थाहरूको मर्मत—संभार अनुदान कार्यविधी, २०८२" रहनेछ।
२. यो कार्यविधी स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

(क) "पालिका" भन्नाले बाँसगढी नगरपालिका बुझिनेछ।
(ख) "स्वास्थ्य संस्था" भन्नाले बाँसगढी नगरपालिका अन्तरगतका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र,नगर अस्पताल बुझिनेछ।
(ग) "मर्मत—संभार" भन्नाले भवन, उपकरण तथा सरसामानको मर्मत बुझिनेछ।
(घ) "अनुदान" भन्नाले आर्थिक सहयोग बुझिनेछ।

---

# परिच्छेद—२

## ३. उद्देश्य

(क) पूर्वाधार सुधार गर्ने
(ख) उपकरण सञ्चालन योग्य बनाउने
(ग) सेवा गुणस्तर वृद्धि गर्ने

## ४. अनुदान प्राप्त गर्ने संस्था

- स्वास्थ्य चौकी
- आधारभूत स्वास्थ्य सेवा केन्द्र
- शहरी स्वास्थ्य केन्द्र
- नगर अस्पताल

---

# परिच्छेद—३

## ५. अनुदान रकम खर्च गर्नुपर्ने योग्य कार्यहरू

१. भवन मर्मत (छाना, झ्याल, शौचालय रंगरोगन)
२. पानी तथा सरसफाइ
३. विद्युतीय मर्मत
४. फर्निचर मर्मत
५. उपकरण मर्मत
६ विधुत महशुल
७. इन्टरनेट महशुल
८.सञ्चार महशुल
९. अन्य मसलन्द

---

# परिच्छेद—४

## ६. रकम माग प्रक्रिया

- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अनुदान रकम मागको लागि निर्णय प्रतिलिपि
- स्वास्थ्य संस्थाबाट अनुदान माग निवेदन
- स्वास्थ्य संस्थाको चेकको फोटोकपी

## ७. स्वीकृति प्रक्रिया

- स्वास्थ्य शाखाको सम्बन्धित कार्यक्रम फोकल पर्सनले मागको आधारमा टिप्पणी उठाउने ।
- स्वास्थ्य शाखा प्रमुखले सिफारिस गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति गरि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको बैक खातामा पठाउने ।

---

# परिच्छेद—५

## ८. अनुदान रकम खर्च प्रक्रिया

- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिमा कुन कामको लागि कति रकम खर्च गर्ने निर्णय गर्ने ।
- काम सम्पन्न पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी सम्बन्धित व्यक्ति/फर्मलाई गर्ने र सो खर्चको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिमा अनुमोदन गराउने ।

## ९. प्रतिवेदन

- प्रत्येक बर्षको पहिलो चौमासिक भित्र लेखा परिक्षण गराई सक्नुपर्ने ।
- लेखा परिक्षणको एक प्रति नगरपालिकामा पेश गर्नुपर्ने ।

## १०. कारबाही

- कार्यविधी अनुसार रकम खर्च गर्नुपर्नेछ ।
- कार्यविधी बाहेक अन्य कुनै कार्य गरेको अनियमितता भएमा प्रचलित कानुन बमोजिम कानुनी कारबाही हुनेछ ।

## ११. विविध

- यो कार्यविधिले नसमेटिएको र कुनै कानुन बमोजिम बाझिएमा सोको अन्तिम निर्णय नगर कार्यपालिकाको हुनेछ ।

आज्ञाले
नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत